# उत्तर बङ्गालमा शालीमार पेण्टस्‌को विस्तार योजना




सिलगढी, ८ जनवरी। भारतको अघिल्लो स्थानमा रहेको पेण्ट निर्माता कम्पनीहरूमध्ये एउटा शालीमार पेण्ट्स लिमिटेडले सिलगढी क्षेत्रमा वितरण केन्द्रको स्थापना गर्दै आज उत्तर बङ्गालमा आफ्नो विस्तार योजनाको घोषणा गरेको छ। उत्तर बङ्गाल, सिक्किम, असम र पूर्वोत्तरका अन्य राज्यमा पनि यो केन्द्रले सेवा प्रदान गर्नेछ।

कम्पनीले सिक्किममा आफ्नो डिपो खोलेर पूर्वी क्षेत्रमा वितरण प्रणाली दह्रो गर्ने निर्णय गरेको छ। शालीमार पेण्ट्सका प्रबन्ध निर्देशक समीर नागपालले भने, उत्तर बङ्गाल शालीमार पेण्ट्सको निम्ति एक महत्त्वपूर्ण बजार हो। यहाँ यस पेण्ट्सको उपस्थिति दह्रो भएको छ। हामी यो क्षेत्रमा अझ अधिक ध्यान दिनेछौं। उल्लेख्य, उत्तर बङ्गालमा शालीमार पेण्ट्सले सन् १९७१–देखि नै उपस्थिति दर्शाएको हो र सिलगढीमा आफ्नो डिपो पनि खोलेको थियो। बितेको पाँच वर्षदेखि भने यसको बिक्रीमा दुइगुणाभन्दा अधिक वृद्धि भएको हुँदा यस कम्पनीले उत्तर बङ्गाल र पूर्वोत्तर क्षेत्रलाई ध्यानमा राख्दै वितरण व्यवस्था सुदृढ गर्ने अभियान थालेको हो भनी कम्पनीकी टिपशिखा सिन्हाले सेभोक रोडको एउटा होटलमा आयोजित पत्रकार भेलालाई बताएकी हुन्।